कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
जाजरकोट, नेपाल

## मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८३/०२/०६

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०८३/०१/०७ गते १५ (पन्ध्र) दिने तथा मिति २०८३/०१/२९ गते ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तोकिएको समयावधि भित्र प्रयाप्त प्रस्ताव पेश नभएकाले उक्त कार्यक्रमबाट लाभ लिन चाहने/इच्छुक जाजरकोट जिल्ला भित्रका अठार वर्ष उमेर पूरा भएका दलित तथा दलित समुदाय र वित्तीय पहुँचको सेवादिन ईच्छुक सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात २०८३/०२/१२ गते भित्र देहाय बमोजिमका कार्यक्रमका लागि निम्नलिखित कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन दिनुहुन मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम अन्तरगतको कार्यक्रम सञ्चालक समितिको मिति २०८३/०२/०५ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

सञ्चालन हुने कार्यक्रमहरु:

१. सीप विकास तालिम
२. सामग्री तथा पूर्वाधार सहयोग
३. वित्तीय पहुँच सहयोग

१. सीप विकास तालिम कार्यक्रम माग गर्ने आवेदकले आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु:

क. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,
ख. हाल आफु बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, आवेदकले यस किसिमको तालिम कार्यक्रम यस अघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,
ग. मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन,
घ. सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण,
ङ. तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुनेछु भन्ने कबुलियतनामा।
च. सगोल परिवारको कुनै पनि सदस्य सरकारी सेवामा नभएको स्व:घोषणा ।

२. पचास प्रतिशत (५० %) लागत सहभागितामा सामग्री तथा पूर्वाधार निर्माण सहयोग माग गर्ने आवेदकले आवेदनसाथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:

क. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,
ख. हाल आफु बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, आवेदकले माग गरेको सामाग्री तथा पूर्वाधार निर्माणको सहयोग यस अघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,
ग. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-१ बमोजिमको व्यावसायिक योजना, कम्तिमा पचास प्रतिशत (५० %) लागत साझेदारी गर्ने प्रस्ताव, व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि,
घ. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको आवेदन,
ङ. पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक पर्ने मेशिन, उपकरण वा पूर्वाधार निर्माणको व्यवसायिक प्रस्ताव,
च. दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण सम्बन्धी सहयोग भए सोको आयोजना प्रस्ताव,
छ. सीप अभिबृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,
ज. लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव,
झ. समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली,

कार्यालय प्रमुख

ज. पेसा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता,

ट. सगोल परिवारभित्रको कुनै सदस्य सरकारी सेवामा नभएको स्वघोषणा।

ठ. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ र नियमावली, २०७९ बमोजिम उद्योग दर्ता भएको हुनुपर्ने।

ड. समान प्रकृतिको वा दोहोरो पर्ने गरि लाभ नलिएको व्यहोरा खुलेको स्व:घोषणा।

३. विपन्न दलितको वित्तीय पहुँचका लागि सहुलियत ब्याजदरमा ऋण सुविधा उपलब्ध गराउन रकम माग गर्ने सहकारी संस्थाहरुले पेश गर्नुपर्ने कागजातहरु:

क. सहकारी संस्थाको संस्था दर्ता प्रमाण पत्र, विनियम, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,

ख. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली, २०८० को अनुसूची-१ बमोजिमको व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

ग. सहकारी संस्थाको साधारणसभा वा संचालक समितिबाट बिउपूँजी रकम प्राप्त गरी आय आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपि,

घ. सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय र व्यवस्थापकीय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात,

ङ. सामान प्रकृतिको वा दोहोरो पर्ने गरी लाभ नलिएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

च. लाभग्राहीलाई ऋण उपलब्ध गराउने सम्बन्धमा पेश भएको परियोजना प्रस्ताव,

छ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

४. सहुलियत ब्याजदर (वार्षिक पाँच प्रतिशत) मा बढिमा दुई वर्षका लागि पचास हजार रुपैयाँसम्म ऋण सुविधा प्राप्त गर्ने लाभग्राहीको रुपमा सूचिकृत हुन चाहने आवेदकले पेश गर्नु पर्ने कागजातहरु:

क. नेपाली नागरिकता प्रमाण पत्रको वा राष्ट्रिय परिचय पत्र,

ख. हाल आफु बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडिदेखि बसोबास गरेको, आवेदकले यस किसिमको सहयोग यसअघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,

ग. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको आवेदन,

घ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता,

ङ. सगोल परिवारको कुनै पनि सदस्य सरकारी सेवामा नभएको स्व:घोषणा,

५. लाभग्राही छनौटको आधारहरु:

मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ९ बमोजिम योग्यता पुगेका आवेदकले यसै सूचनामा माग गरिएका आधिकारिक कागजातहरु पेश गरेको भए सोही नियमावलीको नियम १०, नियम ११ तथा संचालक समितिले लाभग्राही छनौटका लागि बनाएको मापदण्ड र कार्यालयमा प्राप्त भएको स्रोत समेतको आधारमा संचालक समितिबाट लाभग्राही छनौट गरी कार्यक्रम संचालन गरिनेछ।

पुनश्च: सीप विकास तालिमको लागि जाजरकोट जिल्लाका कम्तिमा ६० जना लाभग्राहीलाई तालिम दिनुपर्ने भएकोले कार्यालयलाई सो कार्यक्रममा प्राप्त भएको रकम र आवेदकको मागको आधारमा तपसिलमा उल्लेखित तालिमहरु संचालन गरिनेछ।

तपसिल

१. हेयर कटिङ्ग
२. सिलाई कटाई
३. अचार बनाउने/रेसा सम्बन्धी
४. आरन सुधार तथा कृषि औजार निर्माण

थप जानकारीका लागि सम्पर्क:

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट

१. अनिल खनाल ९७६९९५९०७९
२. लोक बहादुर बस्नेत ९७४५२०२७९१
३. पवन कुमार शर्मा ९८६१७६०६४४

२०८२।०२।०६

जयराम बजगाई
(कार्यालय प्रमुख)

कार्यालय प्रमुख